# नेवार समुदायमा परिवार र गुठी बीचको सम्बन्ध

(पोखरा उप–महानगरपालिका वडा नं.३, कास्की)

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक प्रयोजनको लागि

समाजशास्त्र/मानवशास्त्र विभाग पृथ्वी नारायण क्याम्पस

पोखरामा प्रस्तुत

***शोध पत्र***


**शोधार्थी**

कुमुदराज राजभण्डारी

रोल नं. २२/०६५

रजिष्ट्रेसन नं. ६–१–२९२–९–२००२

त्रिभुवन विश्व विद्यालय

पृथ्वी नारायण क्याम्पस, पोखरा


२०७२

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, पृथ्वी नारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका निम्ति शोधार्थी छात्र कुमुदराज राजभण्डारीद्वारा "**नेवार समुदायमा परिवार र गुठी बीचको सम्बन्ध**" शीर्षकमा कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. ३ मा आधारित रही तयार पारिएको शोधपत्र प्रति म सन्तुष्ट छु। प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्नका लागि सिफारिस गर्दछु।

.........................

(शिव बहादुर थापा )

**शोध निर्देशक**

उप-प्राध्यापक

समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वी नारायण क्याम्पस, पोखरा

**मितिः** २०७२/०२/०१

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, पृथ्वी नारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत, समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको निमित्त विद्यार्थी कुमुदराज राजभण्डारीले यस विभागमा प्रस्तुत गर्नुभएको **"नेवार समुदायमा परिवार र गुठी बीचको सम्बन्ध"** शीर्षकमा कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. ३ मा आधारित रही तयार पारिएको शोधपत्रलाई मूल्याङ्कन समितिबाट स्नातकोत्तर उपाधिका लागि उचित ठहऱ्याइएकोले स्वीकृति प्रदान गरिएको छ।

## मूल्याङ्कन समिति

...........................

(शिव बहादुर थापा)

**शोध निर्देशक**

...........................

(प्रा.डा.लेखनाथ भट्टराई)

**बाह्य परीक्षक**

.............................

(शान्ति भुसाल)

**विभागीय प्रमुख**

**मिति :- २०७२/०२/०३**

# कृतज्ञताज्ञापन

नेपाल विविधताले भरिएको देश हो । यहाँ धार्मिक, भाषिक र सांस्कृतिक विविधता पाइन्छ । विभिन्न जातिहरूले नेपाली संस्कृतिमा आफ्नो दरिलो प्रभाव देखाउँदै आएको देखिन्छ । नेपाली संस्कृतिमा प्रभाव देखाउने विभिन्न जातिहरूमध्ये नेवार समुदाय पनि एक हो । नेवार समुदायले आफ्नो संस्कृति र संस्कारलाई जोगाइराख्न विभिन्न खालका क्रियाकलापहरूलाई निरन्तरता दिदै आएको पाइन्छ । तीमध्ये उनीहरूको सवभन्दा महत्त्वपूर्ण सङ्गठन हो गुठी सङ्गठन । नेवारी जनजीवनमा गुठीको ठूलो महत्व छ । गुठी विना नेवारहरूको जीवन अपूरो छ । गुठी सङ्गठनले नेवारी समुदायमा मृत्यु संस्कारमा ज्यादै महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । नेवारहरूलाई संस्कृतिको धनी जाति भनेर चिनिन्छ । संस्कृतिको जगेर्ना गर्ने सवालमा गुठीले महत्त्वपूर्ण योगदान दिएको छ भनी प्रश्न गर्नु आवश्यक छैन । यसै सिलसिलामा पोखरा उपमहानगरपालिका वडा नं. ०३ मा रहेको गुठीमा आवद्ध परिवार र गुठी बीचको सम्बन्ध कस्तो छ भन्ने विषयलाई समाजशास्त्रीय अध्ययन गर्ने जमर्को गरिएको छ । यो प्रयत्न स्नातकोत्तर तह द्वितीय वर्षको पाँचौ पत्रको प्रयोजनको लागि गरिएको हो ।

सर्वप्रथम मलाई यस शोधकार्य सम्पन्न गर्नमा आफ्नो अति व्यस्त समयका वावजुत पनि सहजताका साथ निरन्तर सहयोग र सल्लाह दिनुहुने शोध निर्देशक श्री शिव बहादुर थापाप्रति हार्दिक कृतज्ञता ज्ञापन दिन चाहन्छु । शोधकार्य लेखनमा प्रेरणा दिई सहयोग गर्नुहुने विभागीय प्रमुख श्री शान्ति भुसाल, बाह्य परीक्षक प्रा.डा. लेखनाथ भट्टराई, श्री नेत्रनारायण पौडेल साथै विभागका सम्पूर्ण गुरुहरू प्रति हार्दिक कृतज्ञता टक्रयाउन चाहन्छु ।

लेखन कार्यमा सल्लाह र सुझाव दिनुहुने भगवती सिं गुठीका सदस्य जितन्द्र कायस्थ, सरोज कायस्थ, सूर्य विनायक सिं गुठीका किरण उदास प्रति आभार प्रकट गर्दछु । शोध अध्ययनको लागि आवश्यक सामग्री उपलब्ध गराइदिने रमा भगवती सिं गुठीका नायो महेन्द्र कतिला र सदस्य रबिन कायस्थ प्रति पनि आभार प्रकट गर्न चाहन्छु । त्यसैगरी लेखन कार्यमा सल्लाह सुझाव दिनुहुने मेरा सहपाठी देवराज बराल, रविन पोखरेल, शोभालक्ष्मी सिं भण्डारी प्रति धन्यवाद दिन चाहन्छु । शोध अध्ययनको लागि प्रत्येक पल-पलमा ऊर्जा एवम् हौसला प्रदान

गरी प्रेरणादायी भूमिका निर्वाह गर्ने मेरा ममतामयी आमा तथा परिवारका सम्पूर्ण सदस्य प्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा मेरा कोरा पाण्डुलिपिलाई कम्प्यूटर टङ्कन गरी शोध अध्ययनलाई अन्तिम स्वरूप प्रदान गर्न सहयोग पुऱ्याउने क्वीक कम्प्यूटर सर्भिस सेन्टर पोखरा-१ बगर प्रति धन्यवाद व्यक्त गर्दछु ।

**मितिः** २०७२/०१/३० कुमुदराज राजभण्डारी

# विषयसूची


| | पेज नं. |
|---|---|
| *सिफारिस पत्र* | *i* |
| *स्वीकृति पत्र* | *ii* |
| *कृतज्ञताज्ञापन* | *iii* |
| *विषयसूची* | *v* |
| *तालिका सूचि* | *viii* |
| *शोध सार* | *ix* |
| **अध्याय- एक : परिचय** | **१-८** |
| १.१. अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको उद्देश्यहरू | ५ |
| १.४ अध्ययनको सीमाहरू | ५ |
| १.५ अध्ययनको औचित्य | ६ |
| १.६ विशिष्ट शब्दावलीको अर्थ | ७ |
| १.७ अध्ययनको सङ्गठनात्मक ढाँचा | ८ |
| **अध्याय - दुई : पूर्व साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | **९-२३** |
| २.१ अवधारणागत पृष्ठभूमि | ९ |
| २.२ सैद्धान्तिक पुनरावलोकन | १० |
| २.२.१ सैद्धान्तिक पृष्ठमूमि | १० |
| २.२.२ नेवारी समाजसँग सैद्धान्तिक सम्बन्ध | १३ |
| २.३ पूर्व अध्ययनको समिक्षा | १५ |
| २.४ अवधारणात्मक खाका | २२ |

**अध्याय - तिन : अनुसन्धान विधि** **२४-२७**
३.१ अध्ययन क्षेत्र छनौटको औचित्य २४
३.२ अनुसन्धान ढाँचा २४
३.३ तथ्याङ्कको स्रोत एवम् प्रकृति २५
३.४ समग्र र नमूना छनौट २५
३.५ तथ्याङ्क सङ्कलन विधि २५
३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण २७

**अध्याय- चार: अध्ययन क्षेत्रको परिचय तथा जनसाङ्ख्यिक विशेषता** **२८-३५**
४.१ अध्ययन क्षेत्रको परिचय तथा भौगोलिक अवस्था २८
४.१.१ हावापानी २९
४.१.२ जनसङ्ख्या २९
४.१.३ भौतिक पूर्वाधार २९
४.१.४ चाडपर्व ३०
४.२ उत्तरदाताको आम्दानीको स्रोत ३०
४.३ उत्तरदाताको धार्मिक अवस्था ३०
४.४ उत्तरदाताको लैङ्गिक संरचना ३१
४.५ उत्तरदाताको शैक्षिक अवस्था ३२
४.६ उत्तरदाताको उमेरगत विवरण ३३
४.७ उत्तरदाताको पारिवारिक संरचना ३४
४.८ उत्तरदाताको पेशागत विवरण ३४

**अध्याय- पाँच: नेवार समुदयमा गुठीले पारेको प्रभाव** **३६-४०**
५.१ पोखरा उपमहानगरपालिका वडा नं. ३ मा सञ्चालित गुठी ३६
५.२ गुठीले पारेको प्रभाव ३६
५.२.१ गुठीले पारेको सामाजिक प्रभाव ३७
५.२.२ गुठीले पारेको प्रभाव ३८
५.२.३ गुठीले पारेको सांस्कृतिक प्रभाव ३९

**अध्याय- छः गुठी र परिवार बीचको सम्बन्ध** **४१-४८**

६.१ परिचय ४१

६.२ गुठी र परिवार बीचको सामाजिक सम्बन्ध ४२

६.२.१ परिवारको सामाजिकीकरण प्रक्रियामा गुठीको भूमिका ४३

६.३ गुठी र परिवार बीचको आर्थिक सम्बन्ध ४४

६.३.१ गुठीले परिवारको आर्थिक स्तर उकास्न खेलेको भूमिका ४४

६.३.२ गुठीबाट उपलब्ध हुने ऋण लिनुको कारण ४५

६.४ गुठी र परिवार बीचको सांस्कृतिक सम्बन्ध ४६

६.५ गुठी र परिवार बीचको धार्मिक सम्बन्ध ४७

६.६ बद्लिदो परिवेशमा गुठी र परिवार बीचको सम्बन्ध ४८

**अध्याय सात- सारांश, निष्कर्ष एवम् सुझाव** **४९-५१**

७.१ सारांश ४९

७.२ निष्कर्ष ५०

७.३ सुझाव ५१

सन्दर्भ सूची

परिशिष्टाङ्कहरू

# तालिका सूचि


| | | |
|---|---|---|
| | | पेज नं. |
| तालिका ४.१: | उत्तरदाताको धार्मिक विवरण | ३१ |
| तालिका ४.२: | उत्तरदाताको लैङ्गिक संरचना | ३१ |
| तालिका ४.३: | उत्तरदाताको शैक्षिक विवरण | ३२ |
| तालिका ४.४: | उत्तरदाताको उमेरगत विवरण | ३३ |
| तालिका ४.५: | उत्तरदाताको पारिवारिक स्वरूप | ३४ |
| तालिका ४.६: | उत्तरदाताको पेशागत विवरण | ३५ |
| तालिका ५.१: | उत्तरदाताहरूमा गुठीले पारेको प्रभाव | ३७ |
| तालिका ५.२: | सामाजिक पक्षमा पारेको प्रभाव | ३८ |
| तालिका ५.३: | आर्थिक पक्षमा पारेको प्रभाव | ३९ |
| तालिका ५.४: | सांस्कृतिक पक्षमा पारेको प्रभाव | ४० |
| तालिका ६.१ : | गुठियार बीचको सहकार्यात्मक भावना | ४२ |
| तालिका ६.२ : | गुठीले परिवारको सामाजिकीकरणमा खेलेको भूमिका | ४३ |
| तालिका ६.३ : | परिवारको आर्थिक पक्षमा गुठीले खेलेको भूमिका | ४५ |
| तालिका ६.४: | गुठीबाट ऋण लिनुको उद्देश्य | ४६ |

# शोध सार

प्रस्तुत शोधपत्र “नेवार समुदायमा गुठी र परिवार बीचको सम्बन्ध” शीर्षक अन्तर्गत पोखरा उपमहानगरपालिकाको वडा नं. ०३ मा सञ्चालित गुठीमा आवद्ध भएका मानिसहरूमा सीमित रही अध्ययन गरिएको छ । अध्ययन गर्ने क्रममा पोखरा उपमहानगरपालिकाको वडा नं. ०३ मा रहेका ६०० घरधुरीमध्ये गुठीमा आवद्ध ९० घरधुरीलाई मात्र उत्तरदाताको रूपमा छनौट गरिएको छ । यस अध्ययनमा निम्न उद्देश्य राखिएको छ ।

- गुठी व्यवस्थाले नेवार समुदायको सामाजिक, आर्थिक तथा धार्मिक पक्षमा पारेको प्रभाव बारे विश्लेषण गर्नु ।
- गुठीमा समावेश भएका परिवारहरू बीचको सम्बन्धको बारेमा अध्ययन गर्नु ।

सैद्धान्तिक व्याख्या र विश्लेषणका लागि संरचनात्मक प्रकार्यात्मक प्रारूप प्रयोग गरिएको छ साथै विभिन्न पूर्व अध्ययनको समीक्षा गरिएको छ । प्रस्तुत शोध कार्यमा वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । अध्ययनमा प्राथमिक र द्वितीय तथ्याङ्क सङ्कलन गरिएको छ । उद्देश्य अनुसार गुणात्मक र सङ्ख्यात्मक तथ्याङ्कहरू प्रयोग गरिनुका साथै तथ्याङ्कहरूलाई आवश्यकता अनुसार वर्णनात्मक व्याख्याका साथै विविध तालिकालाई प्रतिशतमा प्रस्तुत गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि अन्तरर्वार्ता अनुसूची, अवलोकन विधि र समूहगत छलफललाई प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । उत्तरदाताहरू मध्ये धर्मका आधारमा हिन्दु धर्म मान्ने ६८.९ प्रतिशत, लिङ्गका आधारमा पुरुष ९१.०१ प्रतिशत, शिक्षाको आधारमा मा.वि.तहसम्म अध्ययन गरेका २१.१ प्रतिशत, उमेरका आधारमा २६-४० वर्ष उमेरका ४८.९ प्रतिशत र पेशाको आधारमा व्यापार गर्नेको सङ्ख्या ६९.९ प्रतिशत वाहुल्यता रहेको छ ।

गुठीमा आवद्ध भइसकेपछि गुठीयारहरूमा के प्रभाव पाऱ्यो भन्ने धारणा बुझ्दा ६८.९० प्रतिशत आर्थिक प्रभाव, १७.७७ प्रतिशत सामाजिक प्रभाव र १३.३३ प्रतिशत सांस्कृतिक प्रभाव परेको पाइयो । उत्तरदाताहरू मध्ये सामाजिक पक्षभित्र मृत्यु संस्कारमा गुठीले सहयोग गर्दछ भन्ने ५७.७८ प्रतिशत पाइयो । त्यसैगरी आर्थिक पक्षभित्र व्यापार व्यवस्थामा लगानी गर्न सहयोग गरेको छ भन्नेमा ६८.८८ प्रतिशत रह्यो भने सांस्कृतिक पक्षभित्र

गुठीले धार्मिक क्रियाकलापमा अहम् भूमिका निर्वाह गर्दछ भन्नेमा ६० प्रतिशत रहेको पाइयो ।

त्यसैगरी उत्तरदाताहरूलाई गुठीयारहरू बीचको सहकार्यात्मक भावना बुझ्दा समानता छ भन्नेमा ७० प्रतिशत रहेको पाइयो । गुठीले सामाजिकीकरण प्रक्रियामा सहयोगीको भूमिका निर्वाह गर्दछ भन्नेमा ७३.३० प्रतिशत रहेको पाइयो । त्यस्तै गुठीले उपलब्ध गरेको ऋणबाट फाइदा लिएको छ भन्नेमा ६७.७८ प्रतिशत रहेको पाइयो त्यस्तै गुठीबाट लिएको ऋण कुन कुन क्षेत्रमा खर्च गरिएको छ भनी प्रश्न गर्दा ५८.८९ प्रतिशत उत्तरदाताहरूले व्यवसायमा लगानी गरेको पाइयो ।

गुठीमा आवद्ध भइसकेपछि उत्तरदाताहरूमा सामाजिक उत्तरदायित्व बढेको, आर्थिक सहयोग मिलेको र सांस्कृतिक निरन्तरताको लागि छलफल गर्ने गरेको पाइयो । त्यसैले गुठीको यस्तै प्रेरकका माध्यमबाट गुठी बाहिर रहेका नेवारहरू पनि गुठीमा आवद्ध हुनका लागि आतुर भएको पाइयो । यस अध्ययनबाट गुठीले नेवार समुदायको जीवन पद्धतिमा सकारात्मक प्रभाव पारेको निष्कर्ष निकालिएको छ ।

# नेवार समुदायमा परिवार र गुठी बीचको सम्बन्ध

(पोखरा उप–महानगरपालिका वडा नं.३, कास्की)

त्रिभुवन विश्व विद्‍यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक प्रयोजनको लागि

समाजशास्त्र/मानवशास्त्र विभाग पृथ्वी नारायण क्याम्पस

पोखरामा प्रस्तुत

***शोध पत्र***


**शोधार्थी**

कुमुदराज राजभण्डारी

रोल नं. २२/०६५

रजिष्ट्रेसन नं. ६–१–२९२–९–२००२

त्रिभुवन विश्व विद्‍यालय

पृथ्वी नारायण क्याम्पस, पोखरा


२०७२


**नेवार समुदायमा परिवार र गुठी बीचको सम्बन्ध**

**शोधकर्ता:** कुमुदराज राजभण्डारी

२०७२